## साँफेबगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर अछाम

# आ.व २०७७/७८ को सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रगति प्रतिवेदन

मिति २०७८ पुष १९ गते

## पृष्ठभूमी

सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट विभिन्न समयमा जारी गरिएका सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहका सम्पूर्ण वर्ग तथा समुदायले स्थानीय तहबाट प्रवाह गरिने सबै प्रकारका सेवा सुविधाका बारेमा जानकारी गराउने उद्धेश्यका साथ सबै स्थानीय तहले प्रत्येक आ.व.मा अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्ने नीति भए अनुरुप यस नगरपालिकाले पनि उक्त नीतिहरुको अवलम्बन गर्दै चालु आ.व.०७७/७८ को श्रावण महिना देखि असार मसान्त सम्मको अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने कार्य गरेको छ । स्थानीय तहबाट प्रवाह गरिने सेवा सुविधाका बारेमा प्रत्यक्षरुपमा जनतालाई सहभागी गराई स्थानीय तहले सञ्चालन गरेका सबै कार्यक्रमहरुको बारेमा उनीहरुलाई सुसूचित गराउने तथा जनता र स्थानीय तहबीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गरी सुशासन तथा पारदर्शिता कायम गर्न सेवाग्राही तथा समुदायबाट प्राप्त सुझावका आधारमा नगरपालिकाले आगामी दिनमा अवलम्वन गर्ने नीति तथा कार्यसम्पादनमा सुशासन प्रबर्द्धन गरी सेवाग्राही मैत्री गतिविधिहरु अगाडी बढाउन स्थानीय तहको जवाफदेहिता अभिवृद्धि गर्न टेवा पुरयाउने हुँदा आज साँफेबगर नगरपालिकाले यस सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ ।

**उद्धेश्यः**

१. स्थानीय तहबाट उपलब्ध सेवा सुविधाका बारेमा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थानमा सेवाग्राही नागरिकले उठाएका प्रश्नमा स्पष्टता ल्याउने र नागरिकबाट आएका रचनात्मक सुझावलाई ग्रहण गरी स्थानीय तहको सेवा प्रवाहबारे जानकारी गराउने ।

२. स्थानीय तहका जिम्मेवार अधिकारी र नागरिक बीचको दूरी कम गरी सेवा सुविधा प्रवाहमा सहजता ल्याई सुशासनको प्रत्याभूती गराउने ।

३. दोहोरो सम्वादको माध्यमद्धारा सेवाग्राही र सेवाप्रदायक बीच सुमधुर सम्बन्ध स्थापित गरी सेवाग्राहीमैत्री वातावरणको सिर्जना गर्ने ।

४. सेवाग्राही नागरिक र सेवाप्रदायक बीच एकआपसमा साक्षात्कार भई आफ्नो सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहलाई जनताले महसुस गर्ने गरी सुशासन तथा पारदर्शिता कायम गर्ने ।

५. सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गर्न जिम्मेवार संस्कार बसाउने ।

६. सेवा प्रवाहमा सेवाग्राही नागरिकहरुको पहुँच अभिवृद्धि गर्दै उनीहरुमा जिम्मेवार नागरिकको अधिकार तथा कर्तव्यको बोध गराई एक असल नागरिकको भूमिका निर्वाह गर्न सक्षम बनाउन सघाउ पु-याउने ।

## नगरपालिकाको संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स. हरु बैजनाथ, जाल्पादेवी, सिद्वेश्वर, मष्टामाण्डौं, नवाठाना, भागेश्वर, रिडिकोट र चण्डिका समाहित गरी विधिवतरुपमा घोषणा गरिएको यस साँफेबगर नगरपालिका मिति २०७३/११/२७ गते राज्य पुनसंरचना भएसंगै साविकका थप ६ वटा गा.वि.स.हरु बुढाकोट, घुघुरकोट, देविस्थान, खप्तड, बाब्ला र पातलकोट लाई यस नगरपालिकामा समाहित गरी हाल १४ वटा वडामा विभाजित यो नगरपालिका सामुन्द्रिक सतहबाट करिब ५५० मिटरदेखि

३३०० मिटरसम्म उचाईमा रहेको यस नगरपालिकाको क्षेत्रफल १६६.७१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या महिला १८३०४ र पुरुष १५४८४ गरी कुल जनसंख्या ३३७८८ र घरधुरी संख्या ६६९३ रहेको छ भने नगर वस्तुगत विवरण २०७४ अनुसार महिला १९८७४ र पुरुष १८४६७ गरी कुल जनसंख्या ३८३४१ रहेको छ । यस नगरपालिकामा यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालकै चार धाम मध्येको एक धामको रुपमा रहेको प्रसिद्ध वैद्यनाथ धाम, जिमराडी धाम, खप्तड, नाइनी, धवलछडा, कालालेकी, जाल्पादेवी, हाडासैन, विमकोट पर्यटकीय क्षेत्र हुन भने प्रमुख आर्थिक केन्द्रमा समग्र अछाम जिल्लाकै व्यापारिक केन्द्रकोरुपमा रहेको साँफेबगर, बयालपाटा, ठाँटी, तासी बजार, बुढा बगर र श्रीकोट बजार रहेका छन।

नगर क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जनता कृषि पेशामा संलग्न रहेका छन भने पशुपालन पनि सहायक पेशाको रुपमा रहेको छ । चारैतिर हरियाली बन र सुन्दर बस्ती भएको साँफेबगर नगरपालिका सुदूरपश्चिम प्रदेशकै विकास र सम्वृद्दिको सम्भावना बोकेको नगरपालिका भित्र पर्दछ । स्रोत र साधनको उचित प्रयोग हुन सकेको खण्डमा अपार जलस्रोतको रुपमा रहेका बुढीगंगा, कैलाशखोला, आर्दोली गाड, जिजाडी गाड, प्रभाली गाड, इक्डी गाड आदिले यस क्षेत्रको कृषि तथा जलविद्युतको विकासमा टेवा पुरयाउने देखिन्छ ।

अब म यस नगरपालिकामा आ.व. २०७७।०७८ को श्रावण देखि असार महिना सम्म सञ्चालन भई सम्पन्न भएका क्रियाकलापहरुको संक्षिप्त विवरण शाखागत रुपमा निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

**<u>प्रशासन शाखा</u>**

- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निबेदन गरी जम्मा २३३३ पत्रहरु दर्ता भइ प्रक्रियामा गएका छन ।
- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निबेदन सहित अन्य प्राप्त पत्रहरुको अभिलेख राखी जम्मा २१६५ पत्रहरु चलानी भएका छन ।
- यस नगरपालिका र सो अन्तर्गतका शाखा/कार्यालयमा कार्यरत कर्मचारीहरु कार्यालयको कामबश यस नगरपालिका/जिल्ला स्थित कार्यालय र जिल्ला बाहिरका कार्यालयमा जाँदा भ्रमण अभिलेख राखी अभिलेख व्यवस्थापनमा चुस्तता ल्याइएको ।
- यस नगरपालिकामा कार्यरत जम्मा १०३ जनाको करार सम्झौता हुनुका साथै, नगरपालिका र सो अन्तर्गतका कर्मचारीको हाजिरी व्यवस्थापन गरीएको छ ।
- स्थानीय तहको स्वःमूल्याङ्कन लिसा अपडेट गरेको ।
- कार्यसम्पादन मूल्याङ्कन फाराम प्रत्येक कर्मचारीको संकलन तथा व्यवस्थापन गरेको ।
- कार्यालयमा प्राप्त सबै शाखा र सो अन्तर्गतका कर्मचारी र जनप्रतिनिधिहरु गरी जम्मा ४२५ जनाको सम्पति बिवरण दर्ता गरी अनलाइन प्रविष्टि गरिएको ।
- प्रदेश मन्त्रालयलाई पर्यटन गुरुयोजनाको प्रतिवेदन पठाइएको साथै भाषा आयोगलाई नगरभित्र वोलिने भाषाको विवरण पठाएको ।
- साँफेबगर नगरपालिकाका क्रमश १ देखी १४ सम्मका वडाका जग्गाको न्यूनतम मूल्याङ्कन २०७८ जिल्ला मालपोत कार्यालयमा पठाइएको ।

- कर्मचारी मासिक बैठक संयोजन, कर्मचारी विदा अभिलेख व्यवस्थापन, प्रदेश लोकसेवा आयोगलाइ रिक्त पदको माग आकृति फाराम भरी पठाइएको, ४ जना कर्मचारी नियुक्ति तथा पदस्थापना भएको, १४ जना प्राविधिक कर्मचारीको कार्यजिम्मेवारी तोकेको ।
- संघीय, प्रादेशिक तथा यस कार्यालयबाट समय समयमा २३ वटा सुचना टाँस ।
- करिब ४२६ वटा सवारी पास सिफारिस गरी कोरोनाको समयमा आवतजावतमा सहजीकरण भएको ।

**<u>नगरपालिकाको संगठन संरचना र कर्मचारीहरु</u>**

- कुल जम्मा दरबन्दी ५७ मध्ये ३८ जना कर्मचारीको पदपूर्ती भई १९ जनाको दरबन्दी खाली रहेको जसमा हालै प्रदेश लोक सेवा आयोगमा आ.ले.प अधिकृत १ जना, म.वि.नि १ जना, सहायक पाँचौ तहका ३ जना र शिक्षा प्राविधिक १ जना गरी जम्मा ६ जनाको माग आकृति फाराम भरि पठाइको ।
- आ.व. २०७७/७८ मा करार सेवा तर्फ जम्मा १०३ जना कर्मचारी रहेका छन ।

## <u>अमिन शाखा</u>

- आर्थिक बर्ष २०७७/०७८ सालमा नक्शा पास सम्पन्न संख्या ९ वटा ।
- आर्थिक बर्ष २०७७/०७८ सालमा नक्शा पास हुने प्रक्रियामा रहेको ६ वटा ।
- २०७७/०७८ सालमा अभिलेखीकरण नक्शा पास संख्या १० वटा ।
- न्यायिक समितिमा आएका आलिधुर सम्बन्धी विवाद समाधानका लागि सहयोग गरेको ।
- नापी र मालपोतमा हुने काम जस्तै हालसाबिक राजिनामा सम्बन्धि जानकारी प्राप्त गरी आवश्यक सहजीकरण गर्दै आएको ।

## बहुक्षेत्रीय पोषण योजना

- एफ.एम. बाट पोषण सम्बन्धि संदेश प्रसारण सम्पन्न ।
- नगर स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितिको ३ वटा बैठक सम्पन्न ।
- पोषण सम्बन्धि बिषयगत शाखाहरुको ४ वटा बैठक सम्पन्न ।
- वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको १६ वटा बैठक ।

## कृषि विकास शाखा

- विभिन्न वालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि १४ वटा वडामा रोग तथा किटनाशक विषादि उपकरण तथा वितरण कार्यक्रम सम्पन्न ।
- कृषक दर्ता व्यवस्थापन सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न ।
- वर्षे फलफूल (आप ३५०, कागती ५०० र लिचि १५० विरुवा) वितरण ।
- १४ वटा वडाका ३५० जना कृषकहरुलाई विभिन्न रोग तथा किराहरुको व्यवस्थापन सम्बन्धी स्थलगत तालिम सम्पन्न भएको ।

- १४ वडाका १/१ जना गरी जम्मा १४ जना अगुवा कृषकहरुलाई कृषि सामग्री वितरण कार्यक्रम सम्पन्न ।
- ११ जना कर्मचारीहरुका लागि लजिष्टिक खरिद तथा वितरण कार्यक्रम सम्पन्न ।
- कर्मचारी बैठक वार्षिक ३ पटक सम्पन्न ।
- कृषि पकेट कार्यक्रम अन्तर्गत अदुवा पकेटमा ४४ जना र तरकारी पकेटमा ४३ जना गरी जम्मा ८७ जना लाभान्वित भएका ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्याङ्क अध्यावधिक कार्यक्रम सम्पन्न भएको ।
- नयाँ बहुउद्येश्यीय नर्सरी स्थापना कार्यक्रम सानपा ९ बुढाकोटमा सम्पन्न ।
- बहुक्षेत्रीय पोषण अन्तर्गत १ देखी १४ वडाका सुनौला १००० दिनका आमाहरु र किशोरीहरु जम्मा २२०० जनालाई पोषण सुधार तथा तरकारीको महत्व सम्बन्धी स्थलगत तालिम र २२०० जनालाई वर्षे मिनिकिट वितरण कार्यक्रम सम्पन्न ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

**सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता नगद वितरण गरिएको।
- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्ने प्रयोजनार्थ नगरपालिका स्थित ०६ वटा बैंक सँग सम्झौता गरी दोस्रो र तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी गरिएको।

**सामाजिक सुरक्षा भत्ता वितरण विवरण**

| क्र.सं. | पहिलो चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | |
|---|---|---|---|---|---|---|
| १ | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| | ७१५३ | ४२४४०४१०।- | ६०५३ | ३८४४६१३३।- | ६०५६ | ३८८८८५५१।- |
| जम्मा | | | | | | ११९७७५०९४।- |
| रकम फिर्ता रु. ८२,६४,९०६।- | | | | | | |

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा अनलाईन प्रणालीमा विवरण अध्यावधिक कार्यक्रम (वडा नं. ०१ देखि १४ सम्म)

| क्र. सं. | नयाँ नाम दर्ता लक्षित समूह | संख्या | क्र.सं | लगत कट्टाको कारण | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक ७० वर्षमाथि | ९८ | ९ | बसाईसराई | ६० | |
| २ | जेष्ठ नागरिक दलित | ८३ | १० | अन्य | ३०५ | |
| ३ | जेष्ठ नागरिक एकल महिला | २० | ११ | दोहोरो दर्ता | ११६ | |
| ४ | विधवा | ७३ | १२ | नविकरणको लागि निवेदन पेश नगरेको | १७५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पुर्ण अपाङ्गता | ७ | १३ | मृत्यु | २०२ | |
| ६ | अति अशक्त अपाङ्गता | २४ | १४ | एकल महिलाले विवाह गरेको | १ | |
| ७ | बालबालिका क्षेत्र तोकिएका | ५०० | १५ | जन्मको ६० महिना पुगेको | ९२५ | |
| ८ | दलित बालबालिका | २३६ | १६ | पेन्सन,भत्ता नलिने घोषणा गरेको | ० | |
| जम्मा | | १०४१ | | जम्मा | १७८४ | |
| | | | | कुल जम्मा | २८२५ | |

- २०७७ बैशाख देखि २०७७ चैत्र सम्मको व्यक्तिगत घटना दर्ताको विवरण

| क्र सं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई दर्ता | | | | सम्बन्ध विच्छेद संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाईसराईको संख्या | | | |
| १ | १०६६ | ११२२ | २१८८ | १७५ | ५७५ | ७५० | ४१६ | ३७६ | ८८५ | १५ | ९०० | ० | ३७३० | - |

- सामाजिक सुरक्षा भत्ता पाउने १४ वटै वडाका लाभग्राहीहरुको फोटो सहितको विवरण रजिष्टरमा अभिलेख गर्ने  कार्य सम्पन्न भई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली मा अध्यावधिक गर्ने कार्य जारी रहेको।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावणदेखि २०७६ साल पौष महिनासम्मको व्यक्तिगत घटना दर्ताको विवरण डिजिटाईजेशन कार्य सम्पन्न भएको ।

| क्रसं. | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता संख्या | बसाईसराई दर्ता | सम्बन्ध विच्छेद संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | जम्मा | | दर्ता संख्या | | | |
| १ | ६७०५ | ८०४ | ८६३ | २५८ | ० | ८६३० | - |

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सम्बन्धी वडा सचिवहरुको लागि अनलाईन तालिम सम्पन्न गरी वडा नं.०३, ०४, ०६, ०७, ०८ र ११  गरी ०६ वटा वडामा व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली मार्फत सुरुवात भएको ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर सञ्चालनको लागि वडा सचिव तथा वडा अध्यक्षज्यूहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको तथा वडा कार्यालयबाट छनौट गरी पठाएका विवरण संकलकहरुलाई तालिम समेत प्रदान गरीएकोमा कोभीड -१९ का कारण हाललाई दर्ता शिविरको अन्य प्रक्रिया बाँकी रहेको।
- दर्ता शिविर सम्बन्धी सूचना सञ्चार सामाग्रीहरुको छपाई कार्य सम्पन्न गरिएको ।

**शिक्षा युवा तथा खेलकुद शाखा**

- आ.व. २०७७/७८ को वर्ष भरिमा ४ पटक नगर शिक्षा समितिको बैठक बसेको ।
- कोभिड १९ को कारण अवरुद्द शैक्षिक गतिविधि सुचारु,
- नगर शिक्षा समितिका पदाधिकारीहरुको कार्य बिभाजन
- विद्यालयहरुको सामाजिक तथा लेखा परिक्षण सम्पन्न ।
- म्याद नाघेका विद्यालयहरुको वि.व्य.स. र शि.अ.संघ पुनर्गठन ।
- प्रत्यक वडामा सम्पर्क विद्यालय तथा सम्पर्क शिक्षक तोकेको ।
- स्थानीय तह शिक्षा समुह गठन
- नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुलाई अनिवार्य रुपमा IEMIS मा तथ्यांक भर्न लगाई सामुदायिक विद्यालयहरु तथा बालविकास केन्द्रहरुलाई सोहि तथ्यांकको आधारमा निशुल्क पाठ्यपुस्तक, छात्रवृति, प्रति विद्यार्थी लागतका आधारमा अनुदान संचालन व्यवस्थापन अनुदान, दिवा खाजा लगायतका अनुदान रकम निकासा
- प्रकोपको समयमा सिकाइलाई निरन्तरता दिन शिक्षाको बिपत प्रतिकार्य योजना निर्माण
- सम्पूर्ण सामुदायिक विद्यालयका (कक्षा १-३) नेपाली विषय पढाउने शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम (कक्षा १-३) प्रबोधिकरण तालिम संचालन
- पालिका भित्रका सम्पूर्ण विद्यालयका प्र.अ. तथा लेखापाल हरुको लागि IEMIS सम्बन्धि तालिम संचालन गरिएको
- सामुदायिक माध्यमिक विद्यालयका बिपन्न वर्गको किशोरीहरुलाई सेनेटरी प्याड निर्माण सम्बन्धि तालिम संचालन
- सम्पूर्ण बालविकासका सहजकर्ताहरुलई दिवा खाजा तथा सरसफाई सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन
- पालिका स्तरीय आधारभूत शिक्षा परिक्षा समितिको बैठक बसी कक्षा ८ को परिक्षा संचालनको क्रममा परिक्षालाई मर्यादित बनाउन बिभिन्न निर्णयहरु गरिएको र विषय विज्ञ पालिकामा झिकाई स्तरीय प्रस्नपत्र निर्माण गरि प्रश्न बैंकको स्थापना गरिएको तथा कक्ष ८ को ग्रेड सिट तयार गरी प्रमाणित गरि वितरण गरिएको ।
- सेतो गुराँस संस्थाको सहयोगमा कोभिडको समयमा सिकाइलाई निरन्तरता दिन बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास तथा सामग्री वितरण
- सामुदायिक विद्यालय महासंघ अर्थात सिकाइ निरन्तर संस्थाको सहयोगमा विद्यालयका शिक्षकहरु, वि.व्य.स.पदाधिकारी शि.अ.संघ का पदाधिकारीहरुको लागि मनोसामाजिक परामर्श तालिम संचालन
- कोभिडको समयमा सिकाईलाई निरन्तरता दिन शिक्षा तथा मानवस्रोत विकास केन्द्रले प्रकाशन गरेको टेलिभिजन बाट प्रशारण गरिने बिभिन्न कक्षा तथा विषयको समयतालिका बारे विद्यालयहरुलाई जानकारी शिक्षकहरुलाई प्रविधिको प्रयोग तथा टोल सिकाईको माध्यम बाट सिकाईलाई निरन्तरता दिन निर्देशन दिइएको |

- कोभिडको क्रममा सिकाइलाई सहज बनाउन प्रत्येक विद्यालयलाई रु १२००० internet जडान प्रति विद्यार्थी रु १२५ को दरले ३ महिनाको लागि सी.यु.जी. सेवा शुल्क रकम र प्रति विद्यार्थी रु २०० को दरले स्वास्थ्य सामग्री खर्च निकासा दिइएको
- ३ वटा विद्यालयलाई ४ कोठे भवन ३ वटा विद्यालयलाई शौचालय ३ वटा विद्यालयलाई पुस्तकालय २ वटा विद्यालयलाई विज्ञान प्रयोगशाला र २ वटा विद्यालयलाई ICT वितरण गरिएको
- राष्ट्रपति शैक्षिक सुधार परियोजनाकोलागि यस पालिकाको १८ विद्यालय १८ वटा प्रस्ताव पेश भएकोमा अर्थात ९ वटा विद्यालय र १० वटा कार्यक्रम छनौटमा परेको।

**सुचना प्रविधि :**

- ➢ इन्टरनेट जडानका लागि सवै वडामा सर्भे गरिएको।
- ➢ आ.व. २०७७-७८ मा पारित निति, निर्णयहरु र बजेटलाई साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np र डाटा पोर्टल sanfebagar.susasan.org मा अपडेट।
- ➢ डाटा पोर्टल र सूचना प्रविधि सम्बन्धी नगरका प्रयासहरुबारे विभिन्न चरणमा मालिका विकास संघ संग समन्वय गरि कार्यक्रम सञ्चालन।
- ➢ पूर्वाधार व्यवस्थापन प्रणालीको परिक्षण र सम्पूर्ण विवरण अपडेट गरि खुल्ला तथ्याङ्क दिवसको अवसर पारी उद्घाटन।
- ➢ ई-सिफारिसमा आवश्यक सुविधा थप गरि परिक्षण गर्ने काम भएको।
- ➢ विभिन्न विभाग र मन्त्रालयलाई साँफेबगर नगरपालिकाका कार्ययोजनाबारे जानकारी गर्नमा सहजिकरण।

**खानेपानी तथा सरसफाई शाखा**

- सुनौला १००० दिनका आमाहरुलाई स्वच्छ खानेपानीको विकासका लागि वडा नं. २ र ५ मा फिल्टर वितरण १०० वटा।

**पशु सेवा शाखा**

- पशु सेवा शाखा तथा वडाहरुबाट सेवा लिने कृषक संख्या महिला ४१० पुरुष ३७७ गरी जम्मा ७८७ जसमा दलित २१२ जनजाती ६ जना।
- पशुपंक्षी उपचार तथा परामर्श सेवा।
- कर्मचारी बैठक २ पटक सम्पन्न।
- शाखा तथा वडाहरुमा जम्मा ७०२० पशुपंक्षीको उपचार भएको छ।
- ७००० बाख्रालाई पि.पि. आर रोग विरुद्धको खोप लगाइएको छ।
- १४ वटै वडामा पशुपंक्षी तथ्याङ्क संकलन ६५०० घरधुरीमा।
- फर्म दर्ताको लागि घरेलुमा सिफारिस ५० वटा
- पशुधन पूर्तिको लागि खम्डड राष्ट्रिय निकुञ्जमा सिफारिस ७ वटा।
- पशुधन मृत्यु क्षतीपुर्ती पशु विमालाई सिफारिस २६ वटा, डिभिजन बन कार्यालयलाई ३ वटा।
- भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अछाममा युवा लक्षित कार्यक्रम तथा अन्य कार्यक्रममा सहभागिताका लागि सिफारिस १२४ जनालाई।
- पशु सेवा शाखाको समन्वयमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अछामबाट कोरोना प्रभावित तथा युवा लक्षित अन्य कार्यक्रममा सहभागी कृषकहरुको विवरणः

- बाख्रापालन २७ जना
    - भैसीपालन ५ जना
    - माछापालन १ जना
    - कुखुरापालन  १० जना
    - बाख्रा खोर सुधार कार्यक्रममा ४ जना
    - रैथाने कुखुरा प्रबर्द्धनमा १ जना
    - मिनि ह्याचरी स्थापना कार्यक्रममा २ जना
    - कुखुरा मोडेल फर्ममा ५ जना
    - बंगुर खोर सुधारमा १ जना
    - नमुना बाख्रा खोर सुधार ४ जना
    - वोका वितरण  २ जना
- नगर प्रमुख संग नौमुठे गाई संरक्षण सम्बन्धी  अन्तर्क्रिया कार्यक्रम १ पटक
- लागत साझेदारीमा कुखुराको दाना बनाउने मेसिन वितरण १
- सुनौला १००० दिनका आमाहरुलाई  १ दिने कुखुरापालन सम्बन्धी १ दिने अभिमूखीकरण।
- सुनौला १००० दिनका ३४८ जना आमाहरुलाई १३३३ वटा कुखुराका चल्ला वितरण।
- पशु स्वास्थ्य शिविर वडा नं. ५, १२  र १४  गरी ३ पटक
- कृषि तथा पशुपंक्षी फर्म दर्ता ५० वटा कृषक समूह तथा समिति दर्ता ६ वटा भएको।
- कर्मचारीहरुलाई लजिष्टिक सामग्री वितरण
- भैसी पकेट कार्यक्रम संचालन गरी २३ वटा भैसी वितरण
- उत्पादनमा आधारित अनुदानमा ५ जना कृषकलाई सम्मान तथा अनुदान वितरण

## प्राविधिक शाखा

### क. भवन निर्माण तर्फ

- आ.ब. २०७७/७८ मा जम्मा ४२ वटा योजनामध्ये १६ वटा नयाँ भवन तथा शौचालय निर्माण तर्फका छन तीमध्ये ९ वटा भवन तथा शौचालय निर्माण सम्पन्न भइसकेका छन भने ७ वटा निर्माणाधीन अवस्थामा छन। बाँकी २६ वटा झ्यालढोका मर्मत, पी.पी.सी., प्लाष्टर लगायतका योजनाहरु सम्पन्न भएका छन। यस तर्फका योजनाको लागि ४ करोड ३२ लाख ५७ हजार विनियोजित भएको थियो।

### ख. सडक निर्माण तर्फ

- आ.ब. २०७७/७८ मा यस नगरपालिका अन्तर्गत सडक निर्माण तर्फ जम्मा २१ वटा योजनाहरु रहेका छन् जस मध्ये ४ वटा नया सडक बिस्तार गरी ५.५ कि.मि. नया सडक विस्तार भएको छ। वाकी रहेका १७ वटा योजनाहरु सडक स्तरउन्नति गरि हरेक वडाहरुमा यातायातको पहुँच भएको छ। यस तर्फका योजनाको लागि १ करोड ३९ लाख १ हजार विनियोजित भएको थियो।

## ग. खानेपानी निर्माण तर्फ

- आ.ब. २०७७/७८ मा यस नगरपालिका अन्तर्गत खानेपानी निर्माण तर्फ जम्मा ५५ वटा योजनाहरु भएका छन् । जस मध्ये ५५ वटा खानेपानी योजना निर्माण कार्यमा साफेबगर न.पा. भित्र १४ वटा इन्टेक, २२ वटा RVT ,४१ वटा धारा मेनपाइप लाइन १५११५ मिटर, सहायक पाइप लाइन ५८५० मिटर निर्माण भएका । यस तर्फका योजनाको लागि १ करोड ८४ लाख ७४ हजार विनियोजित भएको थियो ।

## घ. सिचाई निर्माणतर्फ

- आ.ब. २०७७/७८मा यस नगरपालिका अन्तर्गत सिचाई निर्माण तर्फमा जम्मा २६ वटा योजनाहरु रहेका छन् । जसमध्ये ३ वटा नया सिचाई पोखरी र ६ वटा सिचाई कुलो निर्माण भएका छन । बाँकी १७ वटा कुलोसुधार, पोखरी मर्मत लगायतका योजनाहरु सम्पन्न भएका छन । यस तर्फका योजनाको लागि ९८ लाख ८० हजार विनियोजित भएको थियो । जस अन्तर्गतका योजनाहरुको सबै भुक्तानी भइसकेको छ ।

## ङ. अन्य निर्माण तर्फ (गोरेटो, PCC, बाटो,मन्दिर निर्माण, मर्मत)

- आ.ब. २०७७/७८ मा यस नगरपालिका अन्तर्गत अन्य निर्माण तर्फमा जम्मा ८९ वटा योजनाहरु रहेका छन् । जसमध्ये केहि गोरेटो निर्माण, pcc बाटो निर्माण, मन्दिर मर्मत, घेरापर्खाल र विद्युत आदी हुन् । सबै योजनाको काम उ. स. वाट निर्माण कार्य सम्पन्न भैसकेका छन । यस तर्फका योजनाको लागि २ करोड २३ लाख ३४ हजार ५ सय विनियोजित भएको छ । जस अन्तर्गतका योजनाहरुको सबै भुक्तानी भइसकेको छ ।

**नगर अनुगमन तथा सुपरिवेक्षण :**

- गत आ.व.मा नगरभित्रका दुई लाख भन्दा बढि लागतका ७६ वटा सडक, खानेपानी, नहर, भवन लगायतका योजनाहरुको अनुगमन मूल्याङ्कन तथा सुपरीबेक्षण गरी आवश्यक पृष्ठपोषण दिइनुका साथै सोको प्रतिवेदन नगरपालिकामा पेश गरेको ।

## राजस्व शाखा

- राजस्व परामर्श समितिको गत आ.व.मा ६ वटा वैठक सम्पन्न ।
- आ.व. ०७७/७८ मा आन्तरिक राजस्व अनुमान १ करोड १० लाख गरिएकोमा रु १ करोड ६५ लाख राजस्व रकम संकलन भएको छ ।
- राजस्वका श्रोत, दायरा र दर समेत विश्लेषण गरी आगामी आ.व.मा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण रु २ करोड अठचालिस लाख गरिएको छ राजस्व सुधार कार्ययोजना तयारी तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार भएको छ ।

गत आ.व. को यथार्थ रकम र आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पति कर | ९,२७,५६०.७५ | | १०,००,०००/- | |
| ११३१४ | मालपोत तथा भुमिकर | ३,३३,२६८.७० | | २,४०,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३२१ | घरबहाल कर | १०,११,२२१.१२ | | ६,००,०००/- | |
| १४१५१ | सरकारी सम्पति बहालबाट प्राप्त आय | ८२,६५,८२६/२१ | | १,९६,१०,०००/- | |
| १४१५९ | अन्य श्रोतप्राप्त रोयल्टी ) ( वडाले उठाउने | १,१८,६५०/- | | २,००,०००/- | |
| १४२४२ | नक्सापास दस्तुर | २,९७,८८६.१२/- | | ३,००,०००/- | |
| १४२४३ | सिफारिस दस्तुर | ९,१८,२०३/- | | १०,००,०००/- | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,४०,५६५/- | | ६,००,०००/- | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ७१,९२५/- | | ५०,०००/- | |
| १४२४९ | अन्य दस्तुर | ४१,७७,७९६/- | | ५,००,०००/- | |
| १४६११ | व्यवसाय कर | १,४५,६७२/- | | ७,००,०००/- | |
| जम्मा | | १,६५,०८,५७३/९० | | २४८०००००/- | |

## महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७, बाल अधिकार समिति गठन कार्यविधि, २०७७ र लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ निर्माण ।
- अपांगता भएका व्यक्तिहरुलाई अपांगता परिचय पत्र वितरण गर्नको लागि दुई चरणमा अपांगता परिचय पत्र वितरण शिविर संचालन भएको |
- अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरु बिच छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको |
- लैंगिक हिंसा विरुद्दको १६ दिने अभियान अन्तर्गत १ दिने अन्तरक्रिया कार्यक्रम संचालन भएको |
- अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा एकल तथा विपन्न महिलाहरुलाई राहत सामग्री वितरण गरिएको |
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिनावारीको वर्तमान अवस्था र त्यसको दिगो व्यवस्थापनको लागि सरोकारवालाहरु संग एक दिने अभिमुखीकरण कार्यक्रम ८ वटा वडामा भएको |
- बाल अधिकार समिति र बाल संजाल समितिको बैठक बसी आमा बुवा गुमाएका बालबालिका हरुलाई सहयोग गर्ने निर्णय गरियो |
- धामी, झाक्री र पुजारिहरुलाई पोषण, सरसफाई र महिनावारी सुधारको लागि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको |
- आमा बुवा दुइवटै गुमाएका २६ जना बालबालिका हरुलाई शैक्षिक सामग्री वितरण गरियो |
- १४ वटै वडाका एच.आई.भी. संक्रमित ५६ जना विपन्न महिलाहरुलाई खाद्य सामग्री वितरण गरेको |

## <u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u>

- आ.व.२०७७/७८ अन्तर्गत वडा कार्यालयमा दर्ता गरिएको रितपूर्वक निवेदन दिएका सुचिकृत ३१६३ जना बेरोजगार व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्ट गरिएको ।
- बेरोजगार व्यक्तिहरुलाई प्राथमिकीकरण अनुसार लाभग्राही परिचय पत्र प्रदान गरेर काममा खटाइएको ।
- रोजगारीमा खटिएका प्रत्येक कामदारहरुको व्यक्तिगत बैंक खाता खोली पारिश्रमिक बैंक मार्फत भुक्तानी गरिएको ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ७ वटा र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत ४६ वटा गरी जम्मा ५३ वटा आयोजनाहरु सम्पन्न गरिएको ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना नगरपालिका अन्तर्गतका वडा नं. १,२,१०,११, र १४ मा सञ्चालन गरिएको थियो भने सामुदायिक आयोजना १ देखि १४ ओटै वडामा सञ्चालन गरिएको ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा सुचिकृत १०० जना र सामुदायिक आयोजना अन्तर्गत ९८३ जना गरी जम्मा १०८३ जना बेरोजगार व्यक्तिहरुलाई औषत ५४.१४ दिनको रोजगारीमा संलग्न गराइएको ।
- चालु आ.व.२०७८/७९ को लागि नगरपालिकाको १ देखि १४ ओटै वडामा १४२१ वटा बेरोजगार फारम दर्ता भएकोमा रितपूर्वक फारम भरेका १३८१ जनालाई सुचिकृत गरि रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्ट गरिएको छ ।

## स्वास्थ्य शाखा

- आ.व. २०७७।७८ को स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समिक्षा सम्पन्न गरि स्वास्थ्य संस्थाको Ranking गरिएको ।
- प्रत्येक वडामा कोभिड १९ सम्बन्धि जनचेतनाका साथै स्वाब संकलन गरिएको ।
- बयालपाटा अस्पतालमा प्रत्येक हप्ताको सोमबार र बिहिबार स्वाब संकलन गरिएको ।
- स्वास्थ्य संस्थाका प्रमुख तथा अन्य स्वास्थ्यकर्मीहरूलाई DHIS-2 तालिममा पठाईएको ।
- १४ वटै वडामा कोभिड १९ विरुद्दको खोप अभियान संचालन गरिएको ।
- १४ वटै वडामा नगर उप प्रमुखसंग गर्भवति कोसेली कार्यक्रम संचालन गरिएको।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई LAPTOP वितरण गरिएको ।
- बाब्ला बाहेक अन्य स्वास्थ्य संस्थाहरूमा Intenet र E-Hajiri जडान गरिएको

- सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्था न्यूनतम सेवा मापदण्ड कार्यक्रम (HPMSS) संचालन गरिएको ।
- खस्रड,घुघुरकोट र पातलकोटमा प्रसुतिगृह निर्माण ।
- ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिएको ।
- स्वास्थ्य सम्बन्धि नियमित कार्यक्रमहरू संचालन गरिएको ।

## न्यायिक समितिले निरुपण गरेका विवादहरु

- आलीधुर - १० वटा
- सम्बन्ध विच्छेद- १ वटा
- गाली बेइज्जती- २ वटा
- घरेलु हिंसा – ९ वटा
- ज्याला मजुरी नदिएको – २ वटा
- कुटपिट- २ वटा
- पति पत्नीबीच खान लाउन नदिएको - २
- आर्थिक लेनदेन - ४ वटा
- अर्काको हकभोगमा रहेको जग्गा भोगचलन गरेको - १

उल्लेखित विवादहरुलाई आर्थिक बर्ष अनुसार देहाय बमोजिम प्रस्तुत गरिएको छः

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/७६ | २०७६/०७७ | २०७७/७८ | जम्मा |
|---|---|---|---|---|---|
| उजुरी संख्या | ७ वटा | ६ वटा | ६ वटा | १३ वटा | ३२ वटा |
| फछ्यौंट संख्या | ७ वटा | ६ वटा | ६ वटा | ७ वटा | २६ वटा |
| फछ्यौंट हुन बाँकी संख्या | ० | ० | ० | ६ वटा | ६ वटा |

- यसै बर्ष न्यायिक मामिला व्यवस्थापन प्रणाली लागू भई सञ्चालनमा रहेको छ ।
- आ.व.२०७७/०७८ मा न्यायिक समिति अन्तर्गतका मेलमिलापकेन्द्रमा रहेका २० जना मेलमिलापकर्ताहरुलाई सूचीकृत गरिएको ।
- न्यायिक मामिला तथा मेलमिलाप केन्द्र व्यवस्थापन सम्बन्धी न्यायिक समिति, वडा अध्यक्ष र मेलमिलाप कर्ताहरुलाई १ दिने अभिमुखीकरण तालिम सञ्चालन गरिएको ।

## <u>मेडपा (लघु उद्दम विकास )कार्यक्रम तथा कपाल देखि कम्प्युटर तालिम :</u>

- नगरपालिकामा मेडपा कार्यक्रम सञ्चालन गर्नका लागि साँफेबगर नगरपालिकाका ३, ४, ५ र ९ वडाहरु छनोट गरि ४ वटा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरेको ।
- अभिमूखीकरण कार्यक्रम गरिसकेका वडाहरुमा प्रयोगात्मक ग्रामिण लेखाजोखा गरी फाराम ए र फाराम बी गरी जम्मा १४५ जनाको फाराम भरी मोवाईल एपमा प्रविष्टि गरिएको । जसमध्ये १०२ जनालाइ उद्यमसिल विकास तालिम दिएको ।
- सहभागिहरुको इच्छा अनुसार विभिन्न सीप विकास तालिम छनोट गरीएकोः व्युटिपार्लर, हाते होजीयारी, डल कुसन, बाख्रापालन, तरकारी खेती, चुरा डिजाइन, होटल तालिम, चाउमिन तालिम र कम्प्युटर तालिम आदि ।

- छनोट भएका मध्ये हाते होजियारी  तालिम सम्पन्न  भएको ।
- सुदुरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय व्यावसायिक तथा सिप विकास तालिम केन्द्र धनगढी कैलाली र साँफेबगर नगरपालिकाको समन्वयमा १९ जना प्रशिक्षार्थीको सहभागितामा ३ महिने हाते कडाई तालिम सम्पन्न गरिएको ।
- कपाल देखि कम्प्युटर तालिम तर्फबाट कोभिड-१९ को कारण तालिम संचालन गर्न असहज वातावरण भएता पनि अघिल्लो आ.व सम्म तालिम लिई व्यवसाय सुरु गरेका २ जना युवा उद्दमीहरुलाई आर्थिक सहयोग गरेको ।

**अन्य :**

१. अतिविपन्न सहायता शीर्षकबाट १४ वटै वडाका अति विपन्न समुदाय तर्फका ३४ जना नागरिकलाई सहयोग रकम उपलब्ध गराईएको ।

२. प्रकोप व्यवस्थापन कोषबाट प्रकोप पिडित ६१ जना नागरिकलाई सहयोग रकम उपलब्ध गराइएको ।

**साँफेबगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, अछाम**

**कार्यालयको कोड : ८०७७२४०४३००**

**अ.व २०७७/७८ को शिर्षकगत बजेट तथा खर्च**

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१

| सि.नं. | | बजेट | | | खर्च | | | खर्च (%) | ससर्त अनुदान फिर्ता | मौज्दात | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | | | चालु | पूंजीगत | जम्मा |
| १ | साँफेबगर नगरपालिका | १५,२७,४२,६४० | ३,७७,०९,१६०.२४ | १९,०४,५१,८००.२४ | ११,३८,२९,४६०.२५ | २,९१,१७,९८२ | १४,२९,४७,४४२.२५ | ७५.०६ | ०. | ३,८९,१३,१७९.७५ | ८५,९१,१७८.२४ | ४,७५,०४,३५७.९९ |
| २ | सुदुरपश्चिम प्रदेश सरकार समपुरक चालु अनुदान | ४९,५०,००० | १,०५,३४,००० | १,५४,८४,००० | ४८,५७,१०७ | ७९,५१,००७ | १,२८,०८,११४ | ८२.७२ | २६,७५,८८६ | ० | ० | ० |
| ३ | साँफेबगर नगरपालिकावडा नं.१ | १६,५०,००० | १९,५०,००० | ३६,००,००० | १६,४९,७०० | ९,००,००० | २५,४९,७०० | ७०.८३ | ०. | ३०० | १०,५०,००० | १०,५०,३०० |
| ४ | साँफेबगर नगरपालिकावडा नं.२ | २५,१५,००० | २०,८५,००० | ४६,००,००० | २४,८३,४७८ | २०,७१,३८५ | ४५,५४,८६३ | ९९.०२ | ०. | ३१,५२२ | १३,६१५ | ४५,१३७ |
| ५ | साँफेबगर नगरपालिकावडा नं.३ | ३६,०१,००० | २३,९९,००० | ६०,००,००० | २८,८३,६०० | २३,६८,४४० | ५२,५२,०४० | ८७.५३ | ०. | ७,१७,४०० | ३०,५६० | ७,४७,९६० |
| ६ | साँफेबगर नगरपालिकावडा नं.४ | २९,५०,००० | २४,५०,००० | ५४,००,००० | २७,०१,४३५ | २३,७७,९०४ | ५०,७९,३३९ | ९४.०६ | ०. | २,४८,५६५ | ७२,०९६ | ३,२०,६६१ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | साँफेबगर नगरपालिकावडा नं.५ | २६,५०,००० | १५,५०,००० | ४२,००,००० | २४,८२,९२५ | १५,३५,००० | ४०,१७,९२५ | ९५.६६ | ०. | १,६७,०७५ | १५,००० | १,८२,०७५ |
| ८ | साँफेबगर नगरपालिकावडा नं.६ | १६,६२,००० | १७,३८,००० | ३४,००,००० | १६,२४,७०० | १७,३८,००० | ३३,६२,७०० | ९८.९ | ०. | ३७,३०० | ० | ३७,३०० |
| ९ | साँफेबगर नगरपालिकावडा नं.७ | २४,२४,००० | १३,७६,००० | ३८,००,००० | २१,९८,४४९ | १३,७५,९९७ | ३५,७४,४४६ | ९४.०६ | ०. | २,२५,५५१ | ३ | २,२५,५५४ |
| १० | साँफेबगर नगरपालिकावडा नं.८ | २३,५०,००० | १९,५०,००० | ४३,००,००० | २३,४८,६८८ | १९,४९,७२५ | ४२,९८,४१३ | ९९.९६ | ०. | १,३१२ | २७५ | १,५८७ |
| ११ | साँफेबगर नगरपालिकावडा नं.९ | २६,५९,००० | २०,४१,००० | ४७,००,००० | २६,१५,२९५ | २०,४०,२०६ | ४६,५५,५०१ | ९९.०५ | ०. | ४३,७०५ | ७९४ | ४४,४९९ |
| १२ | साँफेबगर नगरपालिकावडा नं.१० | ३१,००,००० | २०,००,००० | ५१,००,००० | २९,६२,०४८ | १८,२४,६७० | ४७,८६,७१८ | ९३.८६ | ०. | १,३७,९५२ | १,७५,३३० | ३,१३,२८२ |
| १३ | साँफेबगर नगरपालिकावडा नं.११ | २४,२०,००० | २०,८०,००० | ४५,००,००० | २४,१०,९८३ | २०,७९,६५८ | ४४,९०,६४१ | ९९.७९ | ०. | ९,०१७ | ३४२ | ९,३५९ |
| १४ | साँफेबगर नगरपालिकावडा नं.१२ | १४,९०,००० | २४,१०,००० | ३९,००,००० | १४,६४,७०१ | २४,०८,७६४ | ३८,७३,४६५ | ९९.३२ | ०. | २५,२९९ | १,२३६ | २६,५३५ |
| १५ | साँफेबगर नगरपालिकावडा नं.१३ | २९,७०,००० | १९,३०,००० | ४९,००,००० | २९,५५,१७२ | १९,३०,००० | ४८,८५,१७२ | ९९.७ | ०. | १४,८२८ | ० | १४,८२८ |
| १६ | साँफेबगर नगरपालिकावडा नं.१४ | २८,७०,००० | २०,३०,००० | ४९,००,००० | २७,३२,०४५ | २०,३०,००० | ४७,६२,०४५ | ९७.१८ | ०. | १,३७,९५५ | ० | १,३७,९५५ |
| १७ | सुदुरपश्चिम प्रदेश सरकार विशेष अनुदान | ० | ६८,००,००० | ६८,००,००० | ० | ६८,००,००० | ६८,००,००० | १०० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ३८,४९,३३,६२० | ४,४५,४७,००० | ४२,९४,८०,६२० | ३५,१२,४५,२५२.७० | ४,४५,२६,९०३ | ३९,५७,७२,१५५.७० | ९२.१५ | ३,३७,०८,४६४.३० | ० | ० | ० |
| १९ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ० | ३,४८,६१,००० | ३,४८,६१,००० | ० | ३,२८,५५,००० | ३,२८,५५,००० | ९४.२५ | २०,०६,००० | ० | ० | ० |
| जम्मा | | ५७,७९,३७,२६० | १६,२४,४०,१६०.२४ | ७४,०३,७७,४२०.२४ | ५०,३४,४५,०३८.९५ | १४,७८,८०,६४१ | ६५,१३,२५,६७९.९५ | ८७.९७ | ३,८३,९०,३५०.३० | ४,०७,१०,९६०.७५ | ९९,५०,४२९.२४ | ५,०६,६१,३८९.९९ |

संघीय राजश्व बाडफाड तर्फको रु.१,८९,२८,५३६/७० कम निकासा भएकोमा रु.५,०६,६१,३८९.९९ बाट उक्त निकासा नभएको रकम घटाई रु.३,१७,३२,८५३.२९ अ.ल्या कायम भएको

**साँफेबगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, अछाम**

**कार्यालयको कोड : ८०७७२४०४३००**

**क्षेत्रगत बजेट तथा खर्च**

आ.व. : २०७७/७८ महिना : सबै अवधी : २०७७/०४/०१-२०७८/०३/३१

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | फिर्ता रकम | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,३३,०२,००० | २,७१,१९,१७५ | ८१.४३ | ०. | ६१,८२,८२५ |
| १ | कृषि | ८५,८३,००० | ७४,१०,९०५ | ८६.३४ | ०. | ११,७२,०९५ |
| २ | उद्योग | ३८,४०,००० | १२,८८,२२० | ३३.५४ | ०. | २५,५१,७८० |
| ३ | पर्यटन | ९९,३९,००० | ९१,५७,६०० | ९२.१४ | ०. | ७,८१,४०० |
| ४ | सहकारी | ५,५०,००० | ३,३५,९५० | ६१.०८ | ०. | २,१४,०५० |
| ५ | जलश्रोत तथा सिंचाई | ८७,९५,००० | ७६,८९,३८५ | ८७.४३ | ०. | ११,०५,६१५ |
| ६ | पशुपन्छी विकास | १५,९५,००० | १२,३७,११५ | ७७.५६ | ०. | ३,५७,८८५ |
| २ | सामाजिक विकास | ४४,९६,४८,३७० | ४०,८४,९९,१००.७० | ९०.८५ | ३,१४,७४,८३८.३० | ९६,७४,४३१ |
| १ | शिक्षा | ३०,२८,७२,००० | २८,३८,८२,०५२ | ९३.७३ | १,८९,८९,९४८ | ० |
| २ | स्वास्थ्य | ९,९६,७१,२०० | ८,७१,८६,३०९.७० | ८७.४७ | १,२४,८४,८९०.३० | ० |
| ३ | खानेपानी तथा सरसफाई | २,६५,०१,२६७ | २,२६,८३,०४२ | ८५.५९ | | ३८,१८,२२५ |
| ४ | भाषा तथा संस्कृति | ७,३५,००० | ७,१०,००० | ९६.६ | | २५,००० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८५,६७,००० | ४४,७४,००१ | ५२.२२ | | ४०,९२,९९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | युवा तथा खेलकुद | ५१,२०,४०३ | ३७,१३,७८६ | ७२.५३ | | १४,०६,६१७ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ६१,८१,५०० | ५८,४९,९१० | ९४.६४ | | ३,३१,५९० |
| ३ | पूर्वाधार विकास | ३,४८,५५,३४० | ३,०६,७२,९७० | ८८ | | ४१,८२,३७० |
| १ | यातयात पूर्वाधार | २,३३,८९,००० | १,९३,४२,१८७ | ८२.७ | | ४०,४६,८१३ |
| २ | भवन, आवास तथा सहरी विकास | ५०,५०,००० | ५०,३९,७२५ | ९९.८ | | १०,२७५ |
| ३ | उर्जा | ४०,८०,००० | ४०,७६,३६३ | ९९.९१ | | ३,६३७ |
| ४ | संचार तथा सूचना प्रविधि | १४,८५,००० | १३,७६,५०० | ९२.६९ | | १,०८,५०० |
| ५ | सम्पदा पूर्वाधार | ७,३१,००० | ७,१७,८५५ | ९८.२ | | १३,१४५ |
| ६ | पुननिर्माण | १,२०,३४० | १,२०,३४० | १०० | | ० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६,८४,०३,२५८ | ५,१९,४१,१३९ | ७५.९३ | ६९,१२,५१२ | ९५,४६,६०७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,४१,६८,४५२.२४ | १३,३०,९३,२९५.२५ | ८६.३३ | ०. | २,१०,७५,१५६.९९ |
| | कुल जम्मा | ७४,०३,७७,४२०.२४ | ६५,१३,२५,६७९.९५ | ८७.९७ | ३,८३,९०,३५०.३० | ५,०६,६१,३८९.९९ |

संघीय राजश्व बाडफाड तर्फको रु.१,८९,२८,५३६/७० कम निकासा भएकोमा रु.५,०६,६१,३८९.९९ बाट उक्त निकासा नभएको रकम घटाई रु.३,१७,३२,८५३.२९ अ.ल्या कायम भएको

**साँफेबगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, अछाम**

**कार्यालयको कोड : ८०७७२४०४३००**

**लक्षित समूह अनुसार बजेट तथा खर्च**

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१

| सि.नं. | लक्षित समूह | विनियोजन | खर्च | खर्च (%) | फिर्ता | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | अन्य | ६९,९८,१४,२२०.२४ | ६१,६५,५२,००४.९५ | ८८.१ | ३,४७,४६,६५४.३० | ४,८५,१५,५६०.९९ |
| २ | अपाङ्ग | १,५०,००० | १,५०,००० | १०० | | ० |
| ३ | जेष्ठ नागरिक | ६५,००० | ६५,००० | १०० | | ० |
| ४ | दलित | १४,२५,००० | १४,२४,९५६ | १०० | | ४४ |
| ५ | बालबालिका | २,८४,७५,००० | २,४८,३१,३०४ | ८७.२ | ३६,४३,६९६ | ० |
| ६ | महिला | १,०४,४८,२०० | ८३,०२,४१५ | ७९.४५ | ०. | २१,४५,७८५ |
| | कुल जम्मा | ७४,०३,७७,४२०.२४ | ६५,१३,२५,६७९.९५ | ८७.९७ | ३,८३,९०,३५०.३० | ५,०६,६१,३८९.९९ |

संघीय राजश्व बाडफाड तर्फको रु.१,८९,२८,५३६/७० कम निकासा भएकोमा रु.५,०६,६१,३८९.९९ बाट उक्त निकासा नभएको रकम घटाई रु.३,१७,३२,८५३.२९ अ.ल्या कायम भएको

आ.व २०७६/७७ को वेरुजुको अवस्था :

| क्र.सं | आ.व २०७६/७७ को बेरूजु | | | | | योबर्ष सम्परीक्षण बाट घटाईएको |
|---|---|---|---|---|---|---|
| | असुल उपर | प्रमाण पेश गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बेरुजु | जम्मा | |
| १ | २६,५२,९३९/- | ३,३१,६६,२४१/- | १,०१,५४,३४९/- | ४८,४५०००/- | ५,०८,१८,५२९/- | ३८,३२०००/- |

## धन्यवाद !!!!!

................................
(कुल बहादुर कुँवर )
नगर प्रमुख